# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।०४।०१

### प्रेस विज्ञप्ति

कोभिड-१९ संक्रमणका कारणले सूचना तथा प्रसारण विभागबाट पत्रकारहरुलाई जारी गरिएको प्रेस पासको नवीकरण सहज ढंगबाट नहुँदा पत्रकारहरु समस्यामा परेका छन् । पत्रकारलाई जारी गरिएको प्रेस पासको अवधि असार मसान्तबाट सकिएको र नवीकरण गर्न सहज नहुँदा राज्यको प्रमुख कार्यालय रहेको सिंहदरबार प्रवेशमा पत्रकारहरुलाई रोक लगाइनुको साथै आवत-जावतमा समेत समस्या परेको छ ।

कोभिड-१९ संक्रमणको जोखिम मोलेर पेशागत कर्म निर्वाहमा जुटेका पत्रकारहरुको प्रेस पास नवीकरण समयमै नहुँदा अनेक समस्या झेल्नु परेको अवस्थालाई मध्यनजर गर्दै प्रेस पासको नवीकरण सहज नहुँदासम्म पुरानै प्रेस पासबाट सहजरुपमा समाचार संकलन, आवत-जावत तथा सिंहदरबार प्रवेशको व्यवस्था मिलाउन सूचना तथा प्रसारण विभाग र सम्बन्धित निकायसँग नेपाल पत्रकार महासंघ आग्रह गर्दछ । साथै, प्रेस पास नवीकरणलाई सहज र छिटो तरिकाबाट गर्ने व्यवस्था मिलाउन पनि आग्रह गर्दछ ।

रमेश विष्ट

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal

Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org